# g]kfn /fi^« a}+s

## s]lGb|o sfofno

### yfkfynL kl/;/sf] lflttu|:t d'Vo ejgsf] blIf)f k'jL efu eTsfpg] af/]sf]

### l;naGbL k|:tfj cfXjfgsf] ;'rgf

(प्रथम पटक प्रकाशित मिति : २०७२/०४/२१)

यस बैंकको थापाथली परिसरमा रहेको क्षतिग्रस्त मुख्य भवनको दक्षिण र पूर्वी भागको माथिल्लो दुई तल्ला तथा उल्लेखित स्थानको भुई तलासंग जोडिएको वाहिरी संरचना भत्काउने, भत्काउने स्थानमा बांकी रहेका कार्यालय सामान तथा कागजातहरुलाई सुरक्षित स्थानमा राख्ने र भत्काएर आएका Debris हरुलाई बैंकले तोकेको स्थानमा व्यवस्थापन गर्ने कार्य सिलबन्दी प्रस्तावको माध्यमबाट गराउनु पर्ने भएकोले बैंकको मिति २०७२/०२/०८ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना बमोजिम तयार गरेको संक्षिप्त सूचिमा रहेका इच्छुक फर्म/कम्पनीहरुले मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पाँचौ दिनको १२:०० वजेभित्र बैंकले तयार गरी नि:शुल्क रुपमा उपलब्ध गराएको सक्कल प्रस्ताव फारम भरी खामको वाहिर थापाथली परिसरको क्षतिग्रस्त भवनको दक्षिण पूर्वी भाग भत्काउने बारेको सिलबन्दी प्रस्ताव भन्ने व्यहोरा उल्लेख गरी यस बैंकको सामान्य सेवा विभागको मुकाम कार्यालय, थापाथलीमा पेश गर्नु पर्नेछ ।

२. प्राप्त सिलबन्दी प्रस्तावहरु सूचना पांचौ दिनको ३:३० वजे (सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा प्रस्तावकहरुको प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

३. प्रस्तावदाता फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो अख्तियारी पत्र प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

४. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी गरेको लिखित स्व:घोषणा पत्र समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

६. म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन ।

७. प्रस्ताव खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

८. यस सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस विभागको मुकाम कार्यालय थापाथली (फोन नं ४१०१७०४) मा सम्पर्क गर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**